# स्थानीय राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा भाग २ मिति २०८१।३।३० (अतिरिक्ताङ्क१२)**


## भाग-२

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले आमाछोदिङमो गाउँपालिकाको राहत वितरण संम्बन्धी कार्यविधी २०७६. बनाई सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### आमाछोदिङमो गाँउपालिकाको राहत वितरण सम्बन्धी कार्यविधि २०७६

**प्रस्तावनाः**वैश्विक महामारीको रुपमा फैलिएको Covid 19 (कोरोना भाइरस) बाट नेपाल पनि प्रभावित हुन पुगेको छ। यस महाविपत्तीको संक्रमणबाट उत्पन्न खतराप्रति नागरिकलाई सचेत गराउँदै यसबाट उन्मुक्ति पाउनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरुबाट हर संभव प्रयासहरु भई रहेका छन्। यो महामारी फैलन नदिनका लागि संघीय सरकारले संक्रामक रोग ऐन

आमाछोदिङमो स्थानीय राजपत्र

२०२० अनुसार देशभरि नै २०७६ चैत्र ११ देखि लकडाउन गरिरहेको अवस्थामा छ । यस विषम परिस्थितिमा गाँउपालिका भित्र दैनिक ज्यालादारिमा जीवन निर्वाह गरिरहेका मजदुर, विपन्न, अशक्त र एकल महिला मात्र भएका परिवारमा काम गर्न नपाएर बिहान बेलुकी खानको समस्या भइरहेको छ। साथै यस गाँउपालिकाका दुर्गम गाँउहरुमा पैसा भएर पनि खद्यान्न खरिद गर्न समस्या परिरहेको अवस्थामा गाँउपालिका भित्रका खाद्यान्न आवश्यकता भएका सबै घरधुरीका लागि समेत राहत वितरण गरी जीवन चलाउन सहज बनाउन वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आमाछोदिङमो गाँउकार्यपालिकाले यो राहत वितरण सम्बन्धी कार्यविधि २०७७ बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि गाँउकार्यपालिकाले पारित गरेपछि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाँउपालिका" भन्नाले आमाछोदिङमो गाँउपालिकालाई जनाउनेछ ।

(ख) "कार्यपालिका" भन्नाले आमाछोदिङमो गाँउकार्यपालिकालाई जनाउनेछ ।

(ग) " वडा कार्यालय" भन्नाले आमाछोदिङमो गाँउपालिकाको वडा कार्यालयहरुलाई जनाउनेछ ।

(घ) "राहत वितरण कोष" भन्नाले आमाछोदिङमो गाँउपालिकाको प्रकोप व्यवस्थापन कोषलाई जनाउनेछ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य covid 19 (कोरोना भाइरस) को नियन्त्रणका लागि आमाछोदिङमो गाँउपालिका क्षेत्र भित्र लकडाउनमा परि बाहिरिन नपाएका

मजदुर तथा गाँउपालिका क्षेत्रभित्र दैनिक ज्यालादारिमा जीवन निर्वाह गरिरहेका विपन्न अशक्त परिवार लगाएत गाँउपालिकाका सबै घरधुरी जसलाई लकडाउनको कारणले गर्दा खाद्यान्न अभाव भई वडा कार्यालयमा निवेदन पेश गरेका परिवारलाई व्यवस्थित तवरले राहत वितरण गर्नु रहेको छ ।

८. राहत वितरण कोष

(१) राहत वितरण गर्नका लागि आमाछोदिङमो गाँउकार्यपालिकाको नाममा कुमारी बैंक लिमिटेड थाम्बुचेत शाखामा रहेको प्रक्रीय व्यवस्थापन कोषलाई नै राहत वितरण कोषको रुपमा प्रयोग गरिनेछ । यस कोषमा देहाय बमोजिम्ला रक्रमहरु रहनेछन् ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ख) गाँउपालिकाले कोरोना राहात वितरणका लागि गाँउसभाबाट अनुमोदन गर्ने गरी विनियोजन गरेको रकम ।

ग) बिभिन्न व्यक्ति संघ, संस्थाबाट राहत वितरण गर्नका लागि गाँउपालिकालाई प्राप्त हुने रकम ।

५. खाद्य तथा राहत सामग्री बैंक

(१) राहत वितरण गर्ने प्रयोजनका लागि गाँउकार्यपालिकाको कार्यालयमा एक खाद्य तथा राहत सामग्री बैंक स्थापना गरिनेछ । यस बैंकमा देहाय बमोजिमका खाद्यान्न तथा सामग्रीहरु जम्मा गरी राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको निर्णय बमोजिम गरिनेछ ।

क) गाँउपालिकाको राहत वितरण कोषबाट खरिद गरिएका खाद्य सामग्री तथा कोरोना नियन्त्रणका लागि आवश्यक अन्य सरक्षा सामग्रीहरु ।

रख। जिल्ला विपद व्यवस्थापन समितिबाट प्राप्त हुने खाद्यान्न तथा जिन्सी सामग्रीहरु ।

ग)' अन्य व्यक्ति संघ, संस्थाबाट राहत वितरण गर्नका लागि गाँउपालिकालाई प्राप्त हुने खाद्यान्न सामग्री तथा जिन्सी सामग्रीहरु ।

६. राहत व्यवस्थापन 'वितरण समन्वय तथा अनुगमन समिति

(१) गाँउपालिका तहमा राहतको व्यवस्थापन वितरण कार्यको समन्वय तथा अनुगमन गर्न गाँउपालिका स्तरिय गृहत व्यवस्थापन वितरण तथा अनुगमन समिति देहाय बमोजिमको रहनेछ ।

का) गाँउपालिका अध्यक्ष सयोजक

ख) गाँउपालिका उपाध्यक्ष - सदस्य

ग) सामाजिक विकास समितिका संयोजक सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ) विषद व्यवस्थापन शाखा हेर्ने शाखा प्रमुख सदस्य सचिव

(२) बड़ा स्तरिय राहत वितरण तथा अनुगमन समिति देहाय बमोजिमको हुनेछ ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष संयोजक

ख) उक्त वडामा रहेका गाँउकार्यपालिका सदस्य सदस्य

सोनाम

ग) राजनितिक पार्टिका स्थानिय प्रतिनिध- सदस्य

घ) सम्बन्धित वडा सचिव- सदस्य सचिव

७. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम कर्तव्य र अधिकार

क) दैनिक मजदुरी गर्ने परिवार, विपन्न, अशक्त र एकल महिला भएको परिवारहरुको लगत संकलन गर्ने

आमाछोडिङमो स्थानीय राजपत्र

ख) खण्ड (क) भन्दा बाहेकको गाँउपालिकामा स्थायी बसोबास गर्ने परिवारको हकमा बन्दाकन्दीको कारण बायान्न अभाव भएको व्यहोरा खुलेको निवेदन वडा मार्फत माग गर्ने

ग) लकड़ाउनको समयावधिको लागि आवश्यकता अनुसारको राहत प्याकेज तयार गर्ने

घ) राहत सामग्री वितरण एवम व्यवस्थापनको जिम्मेवारी तोक्ने

ङ) राहत सामग्री वितरण एव्म व्यवस्थापनको अनुगमन गर्ने वा गराउने

च) राहत सामग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने

छ) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामग्री खरिद गरी वितरण गर्नेछ

ज) गाँउपालिका भित्र कुनै व्यक्ति वा संस्थाले ग्रहत सामग्री वितरण गर्न चाहेमा दोहोरो नपर्ने गरी अनुमति प्रदान गर्ने

झ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने।

बन्दाबन्दीको पालनामा सजगता अपनाउन गहत वितरण वडा स्तरमा वडा स्तरिय गहत वितरण समन्वय तथा अनुगमन

समिति मार्फत नै हुनेछ भने गाँउपालिका क्षेत्र भित्र गहत वितरण गर्न आवश्यक बजेट व्यवस्था मिलाउने राहत सामग्री जुटाउन पहल गर्ने काम गाँउपालिका स्तरिय राहत वितरण तथा व्यवस्थापन समन्वय समितिल गर्नेछ ।

८. राहत प्राप्त गर्न सक्नेः देहाय बमोजिमका व्यक्ति तथा परिवारले गाँउपालिका तथा वडा कार्यालय मार्फत विल्म गरेको गहत प्राप्त गर्न सक्नेछन् ।

क) पसलबाट ग्राहकको घरसम्म सामान ओसार पसार गर्ने श्रमिक

ख) पर्यटक भरिया, निर्माण सामग्री भरिया तथा सावारी साधन चल्ने बाटोमा अत्यावश्यक वस्ताक जीमोग्यभार गर व्यक्तिहरु

ग) ट्रक, ट्रिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदार

ङ) आफ्नो नाता बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारिमा सरसफाई, शिशु तथा जेष्ठ नागरिक व्याहार सेवा गर्न
व्यक्ति,

च) गिटी कुट्ने, बालुवा चाल्ने तथा इटाभट्टामा काम गर्ने मजदुर,

छ) निर्माण कार्यमा दैनिक ज्यालादारिमा काम गर्ने डकर्मी, सिकमी, हत्यार लगायतका मजदर ज) नाडलो पसले, दैनिक रुपमा पत्र पत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साइकलमा सामान बिक्रि
वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

झ) देहायका यातायात मजदुर,

(१) अन्यव्यक्तिको माल वाहक सवारी चालक तथा डेलिभरी भ्यान चलाउने सवारी चालक र सहचालक,

(२) दैनिक ठेक्का ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुरं।

ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारिमा काम गर्ने मजदुर ।

ट) स्थानिय तहमा दैनिक ज्यालादारिमा काम गर्ने व्यक्ति ।

ठ) लकडाउनको कारणले गर्दा खद्यान्न अभाव भएको गाँउपालिका भित्र स्थायी बसोबास गर्ने परिवार।

ड) ग्रामिण क्षेत्रको हकमा आफनो कृषि उत्पादनले ३हिना भन्दा कम खान पुग्ने परिवार ।

९. राहत संकलन तथा वितरण व्यवस्थापनः

(१) गाँउपालिका स्तरमा राहत सहयोग संकलन तथा वितरण कार्य राहत व्यवस्थापन तथा वितरण समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

(२) वडा स्तरमा राहत संकलन तथा वितरण तथा अनुगमन समितिले देहाय बमोजिमको प्रक्रिया अपनाई राहत वितरण गर्नेछ ।

क) आफ्नो वडा भित्र रहेका दैनिक ज्यालादारिमा जीवन निर्वाह गरिरहेका र लक डाउनको कारण ज्यालादारिमा काम गर्न

नपाएका तथा लकडाउनको कारण घर सम्म पुग्न नसकि अलपत्र रहेका, विपन्न, अशक्त र एकल महिला मात्र भएका परिवारहरु तथा यसै कार्यविधिको दफा (७) को खण्ड (ख) बमोजिमको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन

माग गरी विवरण संकलन गर्ने

ख) निवेदन उपर सम्बन्धित वडाको वडा अध्यक्षले एकिन गरी प्रमाणित गर्ने

ग) खण्ड ख बमोजिम वडा अध्यक्षले प्रमाणित गरी सम्बन्धित परिवारको परिवार मुलि वा कुनै एक जना सदस्यलाई सामाजिक दुरी कायम राखि राहत प्याकेज वितरण गर्ने व्यवस्था मिलाउने ।

घ) वडाबाट राहत वितरण गर्दा अनिवार्य रुपमा राहत वितरण प्रतिवेदन गाँउपालिकामा पेश गर्नु पर्नेछ ।

ङ) राहत वितरण वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य वा वडा स्तरिय विपद व्यवस्थापन समितिका पदाधिकारीको रोहवरमा गर्ने गरी व्यवस्था मिलाउने,

च) राहत वितरणका लागि आवश्यकता अनुसार एकजना सुरक्षाकर्मी सहित तीन जनाको टिम परिचालन गर्ने '१३. कारवाहि सम्बन्धी व्यवस्थाः

(१) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएको व्यक्तिले भुठा विवरण भरि राहत लिनु वा दोहोरी राहत लिनु हुदैना

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन
बमोजिम कारवाहि गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हद सम्मको रकम गाँउपालिकाले निजबाट असुल गर्नु पर्नेछ ।

१४. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ ।

१५. नेपाल सरकारले कोरोना संक्रमणको महामारी अन्त्य भएको घोषणा गरे पश्चात यो कार्यविधि स्वतः खारेज हुनेछ ।

अनुसूची १

(दफा (९) उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित ) निवेदनको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरणः

१. नाम, थरः

३. बाजेको नामः

४. स्थायी ठेगानाः

६. मोबाइल नम्बर

८. गर्ने गरेको कामको विवरणः

२. बाबुको नामः

५. हालको ठेगानाः

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः

९. पेश गरेको कागजातको विवरणः देहाय मध्ये कुनै एक कागजात संलग्न गर्नु पर्ने

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख) गरिब घर परिवार परिचय पत्रको प्रतिलिपी

ग) सावरी चालक अनुममति पत्रको प्रतिलिपि वा सवारी साधनमा काम गर्ने सहयोगीको हकमा सवारी साधनको ब्लुबुकको प्रतिलिपी

घ) अन्य परिचय खुल्ने कुनै कागजात

१०. राहत लिनेको स्वः घोषणाः

म र मेरो परिवारमा कोरोना महामारी नियन्त्रण गर्न सरकारले जारी गरेको बन्दाबन्दीको कारणले गर्दा खाद्यान्न अभाव भई जीवन निर्वाह गर्न कठिन परेको हुँदा राहत सुविधाको लागि निवेदन पेश गर्दछु। माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाँउला।

निवेदकः

दस्तखतः

मितिः

सिफारिस गर्ने पदाधिकारीः

दस्तखत

नराम

पदः

वडा नं

औंठाको छाप

दायों

बायाँ

मितिः

अनुसूची २

सि.न.

राहत प्राप्त गर्ने व्यक्तिको नाम

आमाछोडिदंमो स्थानीय राजपत्र

वडा कार्यालय

राहत वितरणको अभिलेख

टेलिफोन न

पर

(वका (१२) उपदफा (२) सींग सम्बन्धित)

आमाछोदिङमो गाँउपालिका

राहत वितरणको प्रतिवेदन डाँचा

ठेगाना

आमाछोदिङमो गर

टेलिफोन नं

बाबुको नाम

राहतको विवरण

बड़ा न

वडा न

बड़ा न

आमाछोदिङमो गा.पा.

वडा न

आमाछोदिङमो गा.पा.

आमाछोदिङमो गा.पा.

आमाछोदिङमो गा.पा.

आमाछोदिङमो गा.पा.

वडा नं

वडा नं